मेन्छयायेम गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

**खण्डः ७** **संख्याः २** **२१ मंसीर, २०८१**


## भाग १

# करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धि कार्यविधि, २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१।०८।१९**

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र संविधानको अनुसूची-८ मा व्यवस्था भए बमोजिम आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरू स्थानीय तहको भएको र मेन्छयायेम गाउँपालिकाको शिक्षा ऐन, २०७४ (पहिलो संशोधन, २०७९) को दफा (४५) को उपदफा (१) तथा मेन्छयायेम गाउँपालिकाको शिक्षा नियमावली, २०७४ (पहिलो संशोधन, २०७९) को नियम ५४ मा व्यवस्था भए बमोजिम गाउँपालिका भित्रका सामूदायिक विद्यालयमा आवश्यक पर्ने रिक्त दरबन्दी/राहत अनुदान/प्रदेश अनुदान/संघीय अनुदान/गाउँपालिका अनुदान तथा निजी स्रोत शिक्षकसमेत सेवा करारमा शिक्षकको छनौट एवम् सिफारिस पद्दतिलाई व्यवस्थित बनाई सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८१/०८/१९ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम **"करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धि कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले कक्षा १-१२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ ।

(ख) "विषय विशेषज्ञ" भन्नाले आधारभूत तह कक्षा (१-८) र माध्यमिक तह कक्षा (९-१२)सम्म करार शिक्षक छनौट तथा सिफारिस गर्ने परीक्षा सञ्चालनका लागि यस कार्यविधिको नियम ४ बमोजिम सूचीकृत भएका आधारभूत र माध्यमिक तहका विषयविज्ञ शिक्षकहरूलाई सम्झनु पर्दछ । सो शब्दले अरू स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइमा सूचीकृत विषय विशेषज्ञ समेतलाई जनाउँछ ।

(ग) "गाउँपालिका" भन्नाले मेन्छयायेम गाउँपालिका, तेह्रथुमलाई सम्झनुपर्दछ ।

(घ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलब सुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनु पर्दछ ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले मेन्छयायेम गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(च) "विषयविज्ञ छनौट समिति" भन्नाले गाउँपालिकाबाट करार सेवामा लिई विषयविज्ञको रूपमा उपलब्ध गराईने करार विषय विज्ञ शिक्षकहरूको छनौटका लागि यस कार्यविधिको नियम (३) बमोजिम गठन गरिएको समितिलाई सम्झनुपर्दछ ।

(छ) "करार शिक्षक छनौट तथा सिफारिस समिति" भन्नाले मेन्छयायेम गाउँपालिका शिक्षा नियमावली, २०७४ (पहिलो संशोधन, २०७९) को नियम ५४ तथा यस कार्यविधिको नियम ५ को उपनियम (१)बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेन्छयायेम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) "शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख" भन्नाले मेन्छयायेम गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनु पर्दछ ।

(ञ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले मेन्छयायेम गाउँपालिका भित्रका सामूदायिक विद्यालयका व्यवस्थापन समितिलाई जनाउँदछ ।

(ट) "प्रधानाध्यापक" भन्नाले सामूदायिक विद्यालयको प्रमुखलाई जनाउँदछ ।

## परिच्छेद-२
## विषयविज्ञ छनौट समितिको संरचना

**३. विषयविज्ञ छनौट समिति** (१) यस मेन्छयायेम गाउँपालिकाअन्तर्गतका सामूदायिक आधारभूत विद्यालय/माध्यमिक विद्यालयमा रिक्त हुन आएका दरबन्दी/राहत अनुदान/प्रदेश अनुदान/संघीय अनुदान/गाउँपालिका अनुदान/निजी स्रोत शिक्षकको पदमा समेत सेवा करारमा शिक्षकको छनौट गर्नका लागि परीक्षा सञ्चालन गर्न उपलब्ध गराईने करार विषयविज्ञ शिक्षकहरू छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको विषयविज्ञ छनौट समिति गठन गरिने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -संयोजक

(ख) गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ एक जना -सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद-३
## विषय विशेषज्ञको सूची तयार गर्ने

**४. विषय विशेषज्ञको छनौट सम्बन्धि व्यवस्था** (१) यस मेन्छयायेम गाउँपालिकाको शिक्षा नियमावली, २०७४ (पहिलो संशोधन,२०७९)को नियम ५४ (१) बमोजिमको सामूदायिक आधारभूत विद्यालय/माध्यमिक

विद्यालयमा रिक्त हुन आएका दरबन्दी/राहत अनुदान/प्रदेश अनुदान/संघीय अनुदान/गाउँपालिका अनुदान तथा निजी स्रोत शिक्षक पदमा अवकाश, राजिनामा वा सरूवा आदिको कारण रिक्त हुने स्थानमा करारमा नियुक्तिका लागि छनौट तथा सिफारिस गर्दा आवश्यक पर्ने विषयविज्ञहरूको योग्यता निर्धारण गरी गाउँपालिकाले ७ (सात) दिनको विषय विज्ञको रूपमा सूचीकृत हुने सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये गाउँ शिक्षा समितिद्वारा विज्ञहरूको अन्तिम सूची बनाई प्रकाशन गर्नेछ ।

(२) शिक्षक छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार प्रश्नपत्र तयार गर्ने काम सूचीकृत विषय विशेषज्ञ मार्फत हुनेछ ।

(३) विषय विशेषज्ञको लागि गाउँपालिकाले शैक्षिक सत्रको शुरूमा वा आवश्यक परेको खण्डमा जुनसुकै बेला आवेदन माग गर्न सक्नेछ र विषय विशेषज्ञको सूचीलाई अद्यावधिक गरिनेछ ।

(४) विषय विशेषज्ञको सूचीमा सूचीकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षकले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह तथा विषयको २-२ थान उत्तरकुञ्जिका सहितको प्रश्नपत्र यस गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम सूचीकृत भएका विषय विशेषज्ञहरू उपर चित्त नबुझेमा अन्तिम सूची प्रकाशन गरिएको ३ (तीन) दिनभित्र आवश्यक प्रमाण सहित गाउँकार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

(६) विषय विशेषज्ञद्वारा निर्मित प्रश्नलाई प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखा प्रमुखद्वारा आवश्यकता अनुसार सम्बन्धित विषयको विषय विशेषज्ञ समेत समावेश गरी परिमार्जन गरी प्रश्नपत्रलाई अन्तिम रूप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राखिनेछ । उक्त परिमार्जन गर्दा लाग्ने खर्च मेन्छयायेम गाउँपालिकाबाट नियमानुसार व्यवस्था गरिनेछ ।

(७) सूचीकृत विषय विशेषज्ञसम्बन्धित विद्यालयका शिक्षक भएमा विषय विशेषज्ञको रूपमा मनोनित गर्नु हुँदैन/पाईने छैन ।

(८) प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गर्नुपर्दछ । यसरी तयार गरिएको प्रश्नपत्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## करार शिक्षक छनौट तथा सिफारिस समितिको संरचना

**५. करार शिक्षक छनौट तथा सिफारिस समितिः** (१) यस मेन्छयायेम गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयहरूमा रिक्त हुन आएका दरबन्दी/राहत अनुदान/प्रदेश अनुदान/संघीय अनुदान/गाउँपालिका अनुदान तथा निजी स्रोत शिक्षक तथा कर्मचारी सेवा करारमा नियुक्ति गर्नका लागि देहाय बमोजिमको एक करार शिक्षक छनौट तथा सिफारिस समिति गठन गरिने छ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) गाउँपालिकाको शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख वा शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि -सदस्य

(ग) गाउँपालिकाले छनौट गरेको विषय विज्ञहरू मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको सम्बन्धित विषयको विज्ञ प्रतिनिधि २ जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) उपनियम १ बमोजिमको समितिले शिक्षक तथा कर्मचारी छनौट गर्दा लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा उत्तीर्ण गर्ने उम्मेद्वारमध्ये सबैभन्दा बढी अंक ल्याउने उम्मेदवारलाई नियुक्तिका लागि गाउँपालिका वा विद्यालय व्यवस्थापन समक्ष सिफारिस गर्नु पर्ने छ।

(३) उपनियम २ बमोजिम सिफारिस भएका उम्मेदवारलाई गाउँपालिका वा विद्यालयले करार नियुक्ति गरी नियुक्ति पत्र दिनेछ । त्यसरी नियुक्ति

पत्र दिइ कामकाज गर्न खटाइएको शिक्षक तथा कर्मचारीलाई विद्यालयले हाजिर गराइ सो को जानकारी गाउँ कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिनुपर्ने छ ।

(४) उपनियम २ बमोजिम सिफारिस भएका उम्मेदवारलाई आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण का कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(५) करार शिक्षक छनौट तथा सिफारिस समितिको बैठक सम्बन्धि अन्य कार्यविधिसो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## शिक्षक छनौट तथा सिफारिस प्रक्रिया

**६. करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था** (१) करार शिक्षक छनौट तथा सिफारिस समितिको सचिवालय गाउँपालिकाको कार्यालय वा छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

(२) करार शिक्षक छनौट तथा सिफारिस समितिले करार शिक्षक छनौटका लागि लिईने लिखित तथा अन्तर्वार्ता परीक्षको केन्द्र समितिले तोके बमोजिम हुनेछ, तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा सम्बन्धित प्रयोगशाला भएको स्थानमा राख्न सकिनेछ ।

(३) विज्ञापन गरेपछि दरखास्त प्राप्त भएपछि छानविन गरी रीत पुगेका निवेदनलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेशपत्र प्रदान गर्नुपर्नेछ । साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनु पर्नेछ ।

(४) सामूदायिक विद्यालयमा शिक्षण पेशामा आबद्ध हुन संघीय शिक्षा ऐनमा स्थायी अध्यापन अनुमति पत्र लिएको हुनुपर्ने प्रावधान भएपनि

स्थानीय परिवेशलाई मध्यनजर गरी गाउँपालिकाको अनुदानबाट उपलब्ध गराईने विषय विज्ञ शिक्षकहरू उम्मेदवारको योग्यता, क्षमता र अनुभवको आधारमा स्थायी अध्यापन अनुमति-पत्र बिना पनि राख्न सकिनेछ ।

(५) करार शिक्षक छनौट तथा सिफारिस समितिबाट छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त शिक्षकको पदावधि शुरूमा बढीमा एक आर्थिक वर्षको लागि हुनेछ । शैक्षिक गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्यसम्पादन मूल्याङ्कनको आधारमा गाउँपालिकाले करार थप गर्न वा नगर्न सक्नेछ । साथै यस प्रक्रियाबाट सेवा करारमा नियुक्त गरिएका शिक्षक कार्यरत विद्यालयमा शिक्षक सेवा आयोग मार्फत स्थायी शिक्षक सिफारिस भई आएमा तथा करार सेवामा नियुक्त शिक्षकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसँगको करार जुनसुकै बेला गाउँपालिकाले भङ्ग गर्न सक्नेछ, वा निजलाई अन्य विद्यालयमा काजमा खटाउन सक्नेछ ।

## परिच्छेद-६

## परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

**७. परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धि व्यवस्थाः** (१) करार शिक्षक छनौट तथा सिफारिस समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्नेछ ।

(२) करार शिक्षक छनौट तथा सिफारिस समितिले लिने लिखित सामान्य (वस्तुगत) परीक्षाको पूर्णाङ्क १०० तथा उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ भने सामान्य परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र विषयगत परीक्षामा सामेल गरिनेछ । सामान्य परीक्षामा उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्कको ५० प्रतिशत अङ्क मात्र कुल लिखित प्राप्ताङ्कमा जोडिनेछ । विषयगत परीक्षाको पूर्णाङ्क १०० हुनेछ तथा उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ । एक अन्तर्वार्ता समिति गठन गरिनेछ जसमा सम्बन्धित क्षेत्रका विषय विशेषज्ञ सहित कम्तिमा तीन सदस्यीय रहनेछन् । अन्तर्वार्ता कुल २५ अंकको

हुनेछ जसमा अनुभव बापत प्रत्येक बर्षको ०.५ अङ्कका दरले बढीमा ५ अङ्क, शैक्षिक योग्यता बापत ५ अङ्क (न्यूनतम शैक्षिक योग्यता बापत प्रथम श्रेणी भए ३ अङ्क तथा द्वितीय श्रेणी भए २ अङ्क, माथिल्लो शैक्षिक योग्यता बापत प्रथम श्रेणी भए २ अङ्क र द्वितीय श्रेणी भए १ अङ्क), अन्तर्वार्ता बापत १५ अङ्क गरी कूल २५ अङ्कको हुनेछ । सामान्तया अन्तर्वार्तामा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिन पाईने छैन । सो भन्दा बढी वा घटी दिनु परेमा सबै सदस्यले कारण खुलाई मुचुल्का गर्नु पर्नेछ । विषयको प्रकृति हेरी आवश्यकता अनुसार कुल २५ अङ्कको प्रयोगात्मक परीक्षा हुनेछ । प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क १०(दश) अङ्क रहनेछ ।

(३) गाउँपालिकाको शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख वा तोकिएको कर्मचारीको जिम्मामा रहेको सिलबन्दी प्रश्नपत्रको प्रयोग गरी शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधिको रोहबरमा परीक्षा समितिको अध्यक्षले परीक्षा सञ्चालन हुनुभन्दा १ घण्टा अगाडी प्रश्नपत्र सिलबन्दी खाम खोली परीक्षा सञ्चालनमा खटिने कर्मचारी/प्रतिनिधिलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) प्रश्नपत्रको गोपनियता कायम गर्नु छनौट समिति र संलग्न कर्मचारी/प्रतिनिधिको दायित्व हुनेछ।

(५) परीक्षाको प्रश्नपत्र नेपाल सरकारले तोके बमोजिम शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुनेछ ।

(६) तोकिएको शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख वा शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधिको रोहबरमा सम्बन्धित परीक्षा केन्द्रको हाताभित्र विषय विशेषज्ञद्वारा उत्तर पुस्तिका परीक्षण गराईनेछ ।

(७) करार शिक्षक छनौटको क्रममा अन्तरवार्ताको अङ्क विभाजन गर्दा यस कार्यविधिको नियम (७) को उपनियम (२) तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ ले स्थायी शिक्षक छनौटका लागि तोकेअनुसार हुनेछ ।

(८) उपनियम (२) अनुसार विषयको प्रकृति हेरी आवश्कताको आधारमा छनौट समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ । तर, लिखित परीक्षा अघि र अन्तरवार्ता पछि प्रयोगात्मक परीक्षा लिन पाइने छैन ।

(९) शिक्षक छनौट तथा सिफारिस समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा लगत्तैको योग्यता क्रममा रहेको उम्मेद्वारलाई वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

(१०) कार्यविधिको नियम (५) बमोजिम गठित परीक्षा समितिबाट छनौट तथा सिफारिस हुने उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले करार सेवामा नियुक्त गरी सोको जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिनुपर्नेछ ।

(११) तपशिल बमोजिमको अवस्थामा गाउँ शिक्षा समितिले वैकल्पिक सूचीमा रहेका उम्मेद्वारलाई नियुक्ति गर्न वा नियुक्तिका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्न सक्नेछ।

(क) सिफारिस गरेको उम्मेद्वारले ३० (तीस) दिनको अवधिभित्र पनि नियुक्ति नबुझे/नलिएमा,

(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा,

(ग) नियुक्ति पत्र बुझेको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

(१२) करार शिक्षक छनौट तथा सिफारिस समितिका पदाधिकारी, विषयविज्ञ र उम्मेद्वारबीच कानूनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

(१३) छनौट तथा सिफारिस समितिका पदाधिकारीले प्रति बैठक रू. १,००० (एक हजार रूपैयाँ मात्र) भन्दा बढी बैठक भत्ता लिन पाउने छैन । साथै यसरी कामको सन्दर्भमा ५ (पाँच) पटक भन्दा बढी बैठक बस्न पाईने छैन । तर, उत्तर पुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण बापत अतिरिक्त पारिश्रमिक दिन बाधा पर्ने छैन । यसरी दिईने पारिश्रमिक

सम्बन्धित विद्यालयले बेहोर्नु पर्नेछ । विषय विज्ञ शिक्षकको छनौट तथा सिफारिस सम्बन्धी नियमानुसार लाग्ने खर्च गाउँपालिकाले बेहोर्ने छ ।

## परिच्छेद-७

## सेवा करारमा शिक्षक नियुक्त तथा विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था

**८. करार सेवामा शिक्षक नियुक्ति सम्बन्धी थप व्यवस्था** (१) गाउँपालिका क्षेत्रभित्र रहेको सामूदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दी/राहत अनुदान/प्रदेश अनुदान/संघीय अनुदान/गाउँपालिका अनुदान तथा निजी स्रोत शिक्षकको पद रिक्त हुन गइ तत्काल करार सेवामा अस्थाई पदपूर्ति गर्नु परेमा सम्बन्धित विद्यालयले विद्यालय व्यवस्थापन समितिको बैठक बसि रिक्त पदमा करार सेवाद्वारा पदपूर्तिका लागि विज्ञापन गर्न सहमतिका लागि बैठकको निर्णय, रिक्त हुने कारण खुलाई सो सम्बन्धी कागजातसमेत संलग्न गरी गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ । प्राप्त निवेदन उपर आवश्यक छानविन गरी गाउँपालिकाले करार सेवाद्वारा पदपूर्तिका लागि विज्ञापन गर्न सहमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन गर्न सहमति प्राप्त गरेपछि सम्बन्धित विद्यालयले गाउँपालिकाको समन्वयमा रीत पूर्वक ७ (सात) देखि १५ (पन्ध्र) दिनसम्मको सार्वजनिक विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(३) यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिमको प्रक्रिया वाहिरबाट करार सेवामा शिक्षक नियुक्त भएमा वा गरिएमा त्यस प्रकारको शिक्षकको तलब भत्ता र अन्य सुविधा उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन ।

**९. विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था** (१) गाउँपालिका क्षेत्रभित्र रहेको सामूदायिक विद्यालयमा स्वीकृत रिक्त दरबन्दी/राहत अनुदान/प्रदेश अनुदान/संघीय अनुदान/गाउँपालिका अनुदान तथा निजी स्रोत शिक्षक पदमा करार सेवाबाट अस्थायी पदपूर्ति गर्दा कार्यविधिको नियम (३)

बमोजिमको समितिले करार सेवाद्वारा विषयविज्ञ शिक्षकको छनौट र सिफारिस गर्दा आवश्यक पर्ने विषयविज्ञ शिक्षक हुनको लागि न्युनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

**(क) आधारभूत (कक्षा १-८) तहः-**

**शैक्षिक योग्यताः** आधारभूत (१-८) तहका लागि शिक्षाशास्त्र संकाय लिई सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा २ बर्ष स्थायी रूपमा अध्यापन गरेको व्यक्ति र प्राथमिक (१-५) तहको हकमा शिक्षाशास्त्र संकायमा स्नातक तह उत्तीर्ण वा सो सरह उत्तीर्ण गरी सम्बन्धित तहको १० महिने वा सो सरह तालिम हासिल गरी कम्तिमा ५ बर्ष स्थायी रूपमा अध्यापन गरेको व्यक्ति हुनुपर्नेछ । तर, माथिल्लो तहको विषय मिल्ने विषयविज्ञलाई तल्लो तहको विषयविज्ञ भई काम गर्न बाधा पर्ने छैन ।

**(ख) माध्यमिक (कक्षा ९-१२) तहः-**

**शैक्षिक योग्यताः** माध्यमिक (९-१२) तहका लागि शिक्षाशास्त्र संकाय लिई सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको व्यक्ति हुनुपर्नेछ । विषयविज्ञको अभाव भई करार शिक्षक छनौट परीक्षा सम्बन्धी कार्य स्थगन हुने अवस्था रहेमा सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी अन्य संकायमा स्नातकोत्तर तह उत्तीर्ण गरेको भएमा शिक्षाशास्त्र संकायमा कम्तिमा एक बर्षे स्नातक तह उत्तीर्ण गरेको वा १० महिने तालिम वा सो सरह हासिल गरेको व्यक्ति हुनुपर्नेछ ।

**शिक्षण अनुभवः-** माध्यमिक (९-१२) तहको विषयविज्ञको हकमा माध्यमिक शिक्षक तृतीय श्रेणीको पदमा कम्तिमा २ वर्ष स्थायी अध्यापन गरेको, करार सेवा वा अस्थायी रूपमा कार्यरत विषयविज्ञको हकमा सम्बन्धित तहमा ५ बर्ष शिक्षण अनुभव भएको हुनुपर्नेछ । अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि प्राविधिक धार तथा शिक्षक छनौट तथा सिफारिस समितिमा विषय विज्ञको रूपमा गाउँ शिक्षा समितिका अध्यक्षले आवश्यक पदको न्यूनतम योग्यता पुगेका व्यक्तिहरू मध्येबाट तोक्न सक्नेछ ।

गाउँपालिका क्षेत्रभित्र विषय विज्ञको रोष्टर बनाउँदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय ईकाई, तेह्रथुम वा अन्य स्थानीय तहमा रहेका विषय विशेषज्ञ लिई परीक्षा सञ्चालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-८
## विविध

**१०. थपघट, व्याख्या वा हेरफेरः**- (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्न सक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा मेन्छयायेम गाउँपालिकाको शिक्षा ऐन, २०७४ (पहिलो संशोधन, २०७९), मेन्छयायेम गाउँपालिका शिक्षा नियमावली, २०७४ (पहिलो संशोधन, २०७९), गाउँ शिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोग नियमावली, २०५७ र अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।

**११. खारेजी र बचाउः** (१) यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन, कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(२) तर यस कार्यविधिमा उल्लेख भएका विषयका हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत